का.जि.प्र.का.द.नं. १००/०५९/६०

२ फागुन २०७८,
सोमबार
14 February 2022,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ९, पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## जबराविरुद्ध महाअभियोग

# पहिले भागबण्डा अहिले महाअभियोग



मन्त्रिपरिषद्‌मा प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई कोटामा मन्त्री दिने सत्तारुढ गठबन्धनले नै महाअभियोग लगाएको छ । महाअभियोगसँगै प्रधानन्यायाधीश जबरा निलम्बनमा परेका छन् ।

- जबरा निलम्बित, दीपक कार्की कामू प्रधानन्यायाधीश
- महाअभियोगविरुद्ध एमालेले सशक्त प्रतिवादमा उत्रने

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ फागुन ।

सत्तारुढ गठबन्धनका सांसदहरुले प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्ध महाअभियोग लगाएको छ । नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका ९८ सांसदले महाअभियोग प्रस्ताव संसद् सचिवालयमा दर्ता गराएका हुन् । महाअभियोग दर्ता भएसँगै जबरा घर फर्किएका छन् ।

कार्यकारीसँग न्यायको सौदाबाजी गरेको, अकूत सम्पत्ति आर्जन गरेको लगायत आरोप सहित प्रधानन्यायाधीश जबराको राजीनामा माग हुँदै आएको थियो । गएको ८ कात्तिकदेखि १५ मंसिरसम्म सर्वोच्च अदालतका न्यायाधीशहरुले सुनुवाइ गरेका थिए । तर प्रधानन्यायाधीश जबराको अनुपस्थितिमै इजलास तोक्ने र सुनुवाइ गर्नेगरी गोला प्रणाली लागू भएपछि न्यायाधीशहरु काममा फर्किएका थिए । तर प्रधानन्यायाधीश जबराले राजीनामा दिनुपर्ने माग भने फिर्ता लिएका थिएनन् । नेपाल बार एशोसिएशन र सर्वोच्च बारले जबराको राजीनामा मागसहित आन्दोलन निरन्तर गरिरहेकै छन् । बारका अध्यक्ष चण्डेश्वर श्रेष्ठले महाअभियोग पारित नभएसम्म बारको आन्दोलन नरोकिने बताएका छन् । पूर्वप्रधानन्यायाधीश, पूर्व न्यायाधीश, नागरिक समाज लगायतले पनि जबराको राजीनामा मागेका छन् । गएको वर्ष मंसिरदेखि कार्यकारीसँग भागबण्डा लिन थालेका जबराले गएको २२ असोजमा मन्त्री कोटामा लिएपछि राजीनामा मागिएको थियो । प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको मन्त्रिपरिषद्‌मा जबराको कोटाबाट गजेन्द्रबहादुर हमाल उद्योग मन्त्री बनेका थिए । जबराका नातेदार समेत रहेका हमालले चर्को विरोधपछि मन्त्री पदबाट ३६ घण्टाभित्रै राजीनामा दिए ।

हमालले राजीनामा दिएपछि जबराको समेत राजीनामाको माग हुन थालेको हो । तर जबराले भने महाअभियोगबाट मात्रै हट्ने चेतावनी दिएका थिए । जबराको चेतावनीपछि बार नेतृत्वले प्रमुख राजनीतिक दलका नेतृत्वसँग भेटेर महाअभियोगको प्रस्ताव अगाडि बढाउन आग्रह गरेको थियो । प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा, विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग बार नेतृत्वे महाअभियोगको पहलकदमी लिन आग्रह गरेको थियो ।

तर संवैधानिक निकायमा जबरालाई भागबण्डा दिने ओली र मन्त्रिपरिषद्‌मै भागबण्डा दिने सत्तारुढ गठबन्धनले न्यायालयको विवादमा नफस्ने जवाफ दिएका थियो । राजनीतिक नेतृत्वको आश्वासनबाट ढुक्क भएका जबराविरुद्ध अन्ततः आइतबार महाअभियोग लगाइएको छ । अब यो प्रस्ताव टुंगो नलागेसम्म जबरा संविधानको धारा १०१ बमोजिम निलम्बित हुनेछन् ।

## संशय उस्तै

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १ फागुन ।

तिजबिजी अधिकार कटौतीमा परिसकेका प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्ध महाअभियोग दर्ता भएको छ। सत्ता गठबन्धनका ९८ सांसदले महाअभियोग दर्ता गराए जबरा निलम्बित भएका छन् । तर महाअभियोगकै कारण न्यायालय र राजनीतिक कोर्स अन्योलमा पर्ने खतरा देखिएको छ।

किनकि महाअभियोग दर्ता गराउने सत्तारुढ गठबन्धनसँग दुई तिहाइ सांसद पुग्दैन । दोस्रो पटक पुनर्स्थापित प्रतिनिधिसभामा प्रधानमन्त्री शेरबहादुर देउवालाई १६५ सांसदले विश्वासको मत दिएका छन् । तर महाअभियोग पारित हुन दुई तिहाई अर्थात् १८१ सांसद आवश्यक पर्छ । विपक्षी नेकपा एमालेसँग ९८ सांसद रहेकाले महाअभियोग पारित हुने सम्भावना देखिन्न ।

उल्टै एमालेले बाँकी वरिष्ठतम चार न्यायाधीशविरुद्ध महाअभियोगको तयारी थालेपछि न्यायालय र राजनीतिक कोर्स समेत अन्योलमा परेको छ । आइतबार साँझ बसेको सचिवालय बैठकले महाअभियोगको प्रतिवाद गर्ने निर्णय गरेको छ । राजनीतिक विश्लेषक डा. सूर्यराज आचार्य महाअभियोगको श्रृखंला चले मुलुक नै धरापमा पर्ने देखिएको बताउँछन् । "यस्तो राजनीतिले जनताका आकांक्षा सम्बोधन गर्नसक्ने सम्भावना निकै टाढा पुगेको छ भने राष्ट्र नै धरापमा पर्नसक्ने सम्भावना बढेको छ," विश्लेषक आचार्य भन्छन् । प्रधानन्यायाधीशमाथि विविध स्वार्थ राखेर सत्ता गठबन्धनले महाअभियोग दर्ता गराउनु गलत भएको बताएका छन् । तर, सत्तागठबन्धनका सांसदहरुले भने प्रधान न्यायाधीश जबरा लोकतन्त्र र विधिको शासनको जगेर्ना गर्न अक्षम भएकाले महाअभियोग दर्ता गराउन बाध्य भएको बताएका छन् ।

> प्रधानन्यायाधीशविरुद्ध महाअभियोग दर्ता गराएको सत्ता गठबन्धनसँग दुई तिहाइ बहुमत नहुनु र विपक्षी एमालेले महाअभियोगकै प्रतिवादन गर्ने निर्णय गर्नुले न्यायालय र राजनीतिक कोर्स थप अन्योलतर्फ बढ्ने देखिएको छ ।

महाअभियोग प्रस्तावमा लोकतन्त्र, मानवअधिकार, जनताको न्याय, विधिको शासन,

– बाँकी पृष्ठ २ मा

## एमाले प्रतिवादमा उत्रने

एमालेले प्रधानन्यायाधीश जबराविरुद्धको महाअभियोग विरुद्ध प्रतिवाद गर्ने निर्णय गरेको छ । सत्ता गठबन्धनको प्रस्ताव गम्भीर षड्यन्त्रपूर्ण र अदालतमाथिको प्रहार भएको हुँदा प्रतिवाद गर्ने निर्णय गरेको हो । "समग्रतामा भन्दा यो कदम लोकतन्त्रमाथिको प्रहारका रुपमा र संघीय लोकतान्त्रिक गणतन्त्रविरुद्धको प्रहारका रुपमा लिएका छौं" महासचिव शंकर पोखरेल भन्छन्, "पार्टीको तर्फबाट गम्भीर ढंगले प्रतिवाद गर्न आवश्यक छ भन्ने निष्कर्ष निकालेका छौं ।" सर्वोच्च अदालतमा विचाराधीन मुद्दालाई बिथोल्ने र अदालतलाई सत्ताको निर्देशनमा चल्ने संस्था बनाउने उद्देश्यले महाअभियोग प्रस्ताव दर्ता भएको भन्दै कडा प्रतिवाद गर्ने एमालेको तयारी छ ।

तेजाब वा अन्य घातक रसायनिक पदार्थको गैरकानूनी उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण गर्नु दण्डनीय अपराध हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## थप अन्योलको संकेत



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौ, १ फागुन ।

सत्तारुढ गठबन्धन र विपक्षी दल नेकपा एमालेको दूरी बढ्ने खतरा बढेको छ । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्ध सत्तारुढ नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका ९८ सांसदले महाअभियोग दर्ता गराएपछि आइतबार साँझ नै एमालेको सचिवालय बैठक बस्यो । बैठकले महाअभियोगको सशक्त प्रतिवाद गर्ने निर्णय गरेको छ ।

एमाले महासचिव शंकर पोखरेलका अनुसार, प्रतिवादबारे निर्णय भने संसदीय दलले गर्नेछ । संसदीय दलको बैठक आज बिहान ११ बजे बोलाइएको छ । यो बैठकले महाअभियोगविरुद्ध आवश्यक निर्णय गर्ने उपाध्यक्ष युवराज ज्ञवाली बताउँछन् । "संसदीय दलले आवश्यक निर्णय लिनेछ । तर महाअभियोग स्थानीय चुनाव सार्ने र न्यायालय आफ्नो पक्षमा पार्ने प्रयास भएको छ", ज्ञवाली भन्छन् ।

सत्ता गठबन्धनले प्रधानन्यायधीश जबरालाई महाअभियोग लगाएपछि बाँकी न्यायाधीशहरुलाई पनि एमालेले महाअभियोग लगाउने संकेत दिएका छन् । प्रधानमन्त्रीको हैसियतमा अध्यक्ष केपी शर्मा ओलीले दोस्रोपटक विघटन गरेको प्रतिनिधिसभा पुनर्स्थापना गर्दै देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश दिने बाँकी न्यायाधीशलाई महाअभियोग दर्ता गराउने तयारी गरेको हो ।

यसले राजनीतिक न्यायालय संकटतिर धकेलिने खतरा बढेको छ भने राष्ट्रिय राजनीतिक कोर्स जटिल बन्ने सम्भावना छ ।

> प्रधानन्यायाधीशविरुद्ध महाअभियोग लगाइएसँगै राष्ट्रिय राजनीति थप जटिलतातिर बढ्ने खतरा बढेको छ । सभामुखसँग असन्तुष्टि जनाउँदै संसद् अवरोध गर्दै आएको विपक्षी एमालेले चाल्न सक्ने सम्भावित कदमका कारणले पनि राष्ट्रिय राजनीति जटिलतातिर जाने खतरा देखिएको हो ।

त्यसैपनि एमालेको अवरोधका कारण बितेको पाँच महिनादेखि संघीय संसद चल्न सकेको छैन । नेकपा एकीकृत समाजवादीलाई दलीय अस्तित्व दिन दिन नहुने मागसहित एमालेले गको २३ भदौदेखि संघीय संसद् अवरोध गर्दै आएको छ । एकीकृत समाजवादीलाई दलीय अस्तित्व दिने हो भने सभामुख अग्निप्रसाद सापकोटाले राजीनामा दिनुपर्ने समेत एमालेको माग छ ।

तर प्रधानमन्त्री देउवाले संसद्को

– बाँकी पृष्ठ २ मा

## विदेशमा रहेका नेपालीलाई मताधिकार दिलाउनेबारे गम्भीर छलफल

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ फागुन

निर्वाचन विज्ञ तथा कानूनविद्‌हरूले वैदेशिक रोजगारी तथा अन्य प्रयोजनका लागि विदेशमा रहेका नेपालीलाई आगामी निर्वाचनमा मताधिकार दिलाउन सकिने बताएका छन् । नेपाल पोलिसी ईन्स्टिट्युट (एनपीआई)द्वारा आइतबार आयोजित नीति संवाद श्रृंखलामा उनीहरूले सर्वोच्च अदालतले २०७४ सालमा गरेको फैसलालाई कार्यान्वयन गराउँदै प्रविधिको प्रयोगबाट मताधिकारको व्यवस्था गर्न सकिने धारणा राखे ।

आगामी वैशाख ३० गते स्थानीय तहको निर्वाचन घोषणा भएपनि विदेशमा रहेका ४० लाख बढी नेपाली नागरिक मताधिकारबाट बञ्चित रहेका छन् । गैरआवासीय नेपाली संघलगायतका सामाजिक संघसंस्थाले निरन्तररूपमा विदेशमा रहेका नेपालीलाई मतदानको प्रवन्ध गर्न माग गरिरहेका छन् । विदेशमा रहेका नेपालीलाई मतदानको व्यवस्था गरिए योग्य जनप्रतिनिधि चुनिने र निर्वाचनका क्रममा हुने अनुचित चलखेल र दबाब, प्रभाव कम गर्न सहयोग पुग्ने पनि उनीहरूको भनाइ छ ।

पूर्वप्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेतीले नेपाली नागरिकको पहिचान कायम गरेका विदेशमा रहेका नेपालीलाई मताधिकार दिइनुपर्दछ भन्ने बारेमा यसअघि निर्वाचन आयोगबाट पनि अध्ययन भइसकेको बताए । पूर्वप्रमुख निर्वाचन आयुक्त उप्रेतीले भने, 'राहदानी बनाउँदा फोटो र औंठा छाप लिइन्छ । मतदाता परिचय पत्र बनाउँदा पनि सोही प्रक्रिया हो, निर्वाचन आयोगले परराष्ट्रबाट सो विवरण लिए विदेशमा रहेका नेपालीको नाम मतदाता नामवलीमा समावेश गरी मतदानमा सहभागी गराउन सकिन्छ ।'

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले सर्वोच्च अदालतले २०७४ मै विदेशमा रहेका नेपालीलाई मतधिकार दिलाउन फैसाला गरेको स्मरण गराउँदै संविधानले स्वदेश र विदेशमा रहेका नागरिकबीच भेदभाव नगरेकोले विदेशमा रहेका नागरिकलाई प्रविधिको माध्यमबाट मताधिकार प्रयोग गर्ने व्यवस्था गर्न कानूनीरूपमा समस्या नभएको बताए ।

काठमाडौं विश्वविद्यालय स्कुल अफ म्यानेजमेन्टका एशोसिएट डिन प्रा. अच्युत वाग्लेले विदेशमा रहेका ४० लाख नेपालीको मतदानको अधिकार सुरक्षित गर्न सके

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## कन्सुलर सेवा पालिका तहबाटै

**काठमाडौं/मस–** कन्सुलर सेवा विभागले पालिका तहबाटै सेवा दिने तयारी गरेको छ। विभागले कागजात प्रमाणीकरण र उद्धारको काम गर्दै आएको छ। काठमाडौंमा एक मात्र केन्द्रीय कार्यालय रहेको विभागबाट प्रदान गरिने सेवा लिन सेवाग्राही विभिन्न जिल्लाबाट काठमाडौं आउनुपर्ने बाध्यता छ। त्यसले उनीहरूलाई आर्थिक भार बढाएको गुनासोहरु आइरहेका छन्। विभागले यसै वर्षको भदौदेखि स्थानीय तहसँगको सहकार्यमा अनलाइन सेवा दिन शुरूवात गरेको थियो । अनलाइनबाट सेवा लिन आफ्नो वेबसाइटमा

– बाँकी पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT

Palhi Overseas Pvt. Ltd, a Fair & Ethical Recruitment organization, is opening the vacancy notice for interested candidates on the following positions.

Documentation - 3 Female/Male
• Bachelor Passed, Excellent in Photoshop, Nepali typing skill, MS word with Latest technology. 2-3 years work experience preferred.

Receptionist - 2 Female
• Bachelor Passed, Smart & Energetic, Read, Write and Speak English skill. Min 1 year work Experience in Receptionist, Fresher can be apply.

Office boy -2
• +2 passed. Compulsory bike license holder.

Attractive Salary

send cv : info@palhioverseas.com, palhioverseas2006@gmail.com

पाल्ही ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ५९४/०६२/०६३
जि.पि.ओ. बक्स: ९७८०, लोसाल अन्नपूर्णमार्ग, चप्पलकारखाना, काठमाडौं
फोन: ०१-४०१५६५५, ४०१५७९२, ९८०१२१२६०१

मध्यान्ह
www.madhyanhadaily.com
२ फागुन २०७८, सोमबार
14 February 2022, Monday

# निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्न जुटेका छौं : आयोग

**काठमाडौं/मस–** वैशाख ३० गते निर्धारण गरिएको स्थानीय तह निर्वाचनलाई सफल तुल्याउन निर्वाचन आयोग सघन तयारीमा जुटेको छ। आसन्न निर्वाचनको पूर्वतयारीमा नियमितरूपमा कार्यसम्पादन गर्दै आएको आयोगले निर्वाचन कार्यतालिकासमेत स्वीकृत गरिसकेको छ।




आयोगद्वारा आइतबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा सचिव गोकर्णमणि दवाडीले निर्वाचनलाई सफल तुल्याउन सघन तयारीमा जुट्नका साथै कार्यतालिकासमेत स्वीकृत गरिसकेको जानकारी दिए।

निर्वाचनको अन्तिम मतदाता नामावली तयारी गर्ने, सामग्रीको व्यवस्थापन गर्ने, राजनीतिक दल दर्ता गर्ने, मतदाता शिक्षा सामग्री तयारी तथा कार्यक्रम सञ्चालन गर्ने, निर्वाचन कार्यक्रम तयारी गरी प्रकाशन गर्ने, निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय स्थापना गर्ने, निर्वाचन आचारसंहिता लागू गर्नेलगायतका क्रियाकलाप निर्वाचन कार्यतालिकामा समेटिएको छ। निर्धारित मतदानस्थलमा मतदान केन्द्र तोक्ने, निर्वाचन सञ्चालनका लागि जनशक्तिको आकलन तथा परिचालन गर्ने, प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, निर्वाचन पर्यवेक्षण तथा अनुगमनको व्यवस्थापन गर्ने, मतपत्र व्यवस्थापन गर्ने, उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने, निर्वाचन चिह्न प्रदान गर्ने, निर्वाचनसम्बन्धी प्रचारप्रसार गर्ने कार्यतालिका छ।

मतदाता शिक्षा सञ्चालन गर्ने, मतदाता परिचयपत्र छपाइ तथा ढुवानी र वितरण गर्ने, सुरक्षा व्यवस्था मिलाउने, मतदान, मतगणना तथा परिणाम घोषणा गर्नेलगायतका क्रियाकलाप समावेश गरी कार्यतालिका स्वीकृत गरिएको प्रवक्ता शालीग्राम शर्मा पौडेलले जानकारी दिए।

आयोगको परामर्शमा उक्त मितिमा एकै चरणमा निर्वाचन सम्पन्न गर्ने गरी सरकारले मिति घोषणा गरिसकेको छ।

निर्वाचन व्यवस्थापकीय कार्य गर्न आयोगलाई १२० दिन आवश्यक भए पनि मिति घोषणा गर्दा ९५ दिनको अवधि प्राप्त थियो। आयोगको प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरिवेक्षण र निर्देशनमा रही बालिग मताधिकारका आधारमा हुने निर्वाचनका लागि १८ वर्ष उमेर पूरा गरेको नेपाली नागरिकको नाम मतदाता नामावलीमा समावेश गरी मतदाता हुन पाउने अधिकारको सुनिश्चितता गरिएको छ। मतदाता नामावली संकलन नियमितरूपमा हुँदै आएकामा निर्वाचन मिति घोषणा भइसकेपछि मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्य गत पुस २५ गते नै स्थगित भएको छ।

संविधानले १८ वर्ष उमेर पूरा गरेको प्रत्येक नेपाली व्यक्तिको नाम अन्तिम मतदाता नामावलीमा समावेश हुने व्यवस्था गरेको छ। आयोगका अनुसार निर्वाचनमा १८ वर्ष उमेर पुग्ने दिन वैशाख २९ गते अर्थात् निर्वाचन हुने दिनभन्दा ठीक अघिल्लो दिनलाई आधार मान्ने गरी निर्दिष्ट मिति निर्धारण गरेको छ। सो व्यवस्थाले करिब थप दुई लाख युवाले आफ्नो मताधिकार प्रयोग गर्न पाउने सुनिश्चित भएको छ।

आगामी वैशाख २९ गतेलाई १८ वर्ष उमेर पुग्ने दिनलाई तोकिएको मिति मान्दा 'एक करोड ७९ लाख मतदाता कायम हुने अनुमान' गरिएको प्रवक्ता शर्माले जानकारी दिए। निर्वाचन व्यवस्थापनका लागि आवश्यक पर्ने बजेटको तयारी अन्तिम चरणमा पुगेको तथा निर्वाचनका लागि करिब रु १२ अर्ब बजेट आवश्यक हुने अनुमान गरिएको सो अवसरमा जानकारी दिइयो।

## जुम्लाका ६९ हजार नागरिकले लगाए कोरोनाविरुद्धको खोप

**जुम्ला/मस–**जुम्लाका आठवटै स्थानीय तहका करिब ८५ प्रतिशत नागरिकले कोभिडविरुद्धको खोप लगाएका छन्। जिल्लाका ६९ हजार ३३२ जनाले कोभिडविरुद्धको खोप लगाएको जनस्वास्थ कार्यालयका सूचना अधिकारी प्रेमबहादुर सार्कीले जानकारी दिए।

कूल जनसंख्याको ५६ प्रतिशत अर्थात् ४५ हजार ४८८ नागरिकले पूर्ण मात्राको खोप लगाइसकेका छन्। बुस्टर खोप दुई हजार ८८ जनाले मात्र लगाएका छन्। सबैभन्दा बढी चन्दननाथ नगरपालिका नागरिकले कोभिडविरुद्धको खोप लगाएका छन्।

नगरभित्रका २५ हजार ९९३ जनाले कोभिडविरुद्धको खोप लगाएको जनस्वास्थ्य कार्यालयले जनाएको छ। कोभिडविरुद्धको पहिलो खोप १३ हजार ९७२, दोस्रो खोप ११ हजार ७९४ र बुस्टर खोप एक हजार २२७ जनाले लगाएको चन्दननाथ नगरपालिका जनस्वास्थ्य निरीक्षक क्षेत्रबहादुर महतले बताए।

### संशय...

संवैधानिक सर्वोच्चता एवं स्वतन्त्र, सक्षम, निश्पक्ष र जिम्मेवार न्यायपालिकाको जगेर्ना गर्न प्रधानन्यायाधीश जबरा चुकेका बताएका छन्। सत्तागठबन्धनका शीर्ष नेता एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले पनि प्रधानन्यायाधीश जबराले बाटो खुला गरिदिनुपर्ने बताएका छन्।

"न्यायालयको बेथितीका लागि मुख्य जिम्मेवार प्रधानन्यायाधीश नै हुनुपर्छ। प्रधानन्यायाधीशले नै निकास दिनुपर्छ, विदा बसेर हुन्छ या सबैलाई विश्वासमा लिएर हुन्छ वा कुनै तरिकाले भन्दा पनि कहिँ कतै त्यस्तो स्थिति देखा परेन" प्रचण्ड भन्छन्, "झन् पछि झन् न्याय क्षेत्र विवादित हुने, अराजक हुने, झन् अन्योलग्रस्त हुने देखिएपछि एउटा वैधानिक, संवैधानिक र लोकतान्त्रिक बाटोबाट समस्याको निकास गर्ने भनेको महाअभियोग नै हुन्छ। त्यसमा गठबन्धनमा आम सहमति पनि भयो र हामीले त्यो दर्ता गर्‍यौं।"

महिनौंदेखि आन्दोलनरत नेपाल बार एसोसियसनले पनि प्रधानन्यायधीश जबरा पदमुक्त नभएसम्म आन्दोलन जारी राख्ने चेतावनी दिएको छ। "बर्हिगमनबाट होस्, राजीनामाबाट होस् वा महाअभियोगको प्रक्रियाबाट होस्। उहाँ पदच्यूत भएर अर्को प्रधानन्यायाधीश विधिवत रुपमा नियुक्त भएर सपथग्रहण नगरेसम्म हाम्रो आन्दोलन जारी रहन्छ", नेपाल बार एसोसिएसनका अध्यक्ष चण्डेश्वर श्रेष्ठ भन्छन्।

प्रधानन्यायाधीश जबरामाथि संसदमा व्यापक छानबिन हुनुपर्ने उनीहरुको माग छ। सत्तारुढ दलदेखि लिएर बार एसोसिएसन नै जबराको विपक्षमा उभिएपछि प्रधानन्यायाधीश जबराले पद जोगाउन नसक्ने प्रष्ट भएको छ।

### थप...

गतिरोध हटाउन र एमसीसी अनुमोदनका निम्ति सहयोग गर्न एमालेसँग सम्वाद अगाडि बढाएका थिए। गएको २३ माघमा एमाले अध्यक्ष ओली र प्रधानमन्त्री देउवासँग सम्वाद समेत भएको थियो। तर प्रधानन्यायाधीशविरुद्ध लगाइएको महाअभियोगसँगै सत्ता र विपक्षी दलबीचको दूरी बढेर जाने एमाले महासचिव शंकर पोरखेलले बताएका छन्।

### विदेशमा...

रेमिट्यान्समार्फत राष्ट्रिय अर्थतन्त्रमा योगदान गरेका नागरिक सम्मानित हुने बताए।

एनपीआईका अध्यक्ष खगेन्द्र ढकालले फिलिपिन्स, मेक्सिको, इन्डोनियामा मताधिकार दिइसकेको अवस्थामा नेपालले त्यसलाई पछ्याउनु पर्ने बताए।

महिला अधिकारकर्मी शरु जोशीले विदेशमा रहेका नेपालीको मताधिकार सुरक्षित गर्न राजनीतिक दलमाथि दबाब बढाउनुपर्ने वताइन्। उनले भनिन्, 'नोट चले पनि भोट नचल्ने अवस्थामा रहनुपर्ने अवस्थामा परिवर्तन आवश्यक छ।'

### कन्सुलर ..

लगईन गरेर सेवाग्राहीले आफ्नो फोन नम्बर, पासपोर्ट नम्बर वा नागरिकता नम्बरबाट निवेदन दिन सकिने बताएको छ। विदेशमा रहेका नेपालीलाई सहजै सेवा दिन भाइबर र ह्वाट्सएपजस्ता सामाजिक सञ्जालको प्रयोग गर्न सक्ने व्यवस्था गर्न लागिएको पनि विभागले बताएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हक दावी सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७८/११/०२**

यस कार्यालयमा मिति २०७४/०५/१७ मा दर्ता भएको **प्रा.लि. नं. १९७५९८** को **एन. एल. इन्फ्राटेक प्रा.लि.**, नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेड**
**बानेश्वर–१०, काठमाडौँ, नेपाल**

**भेरी नदीमा १०१.१५ मी लामो पुल निर्माणको सक्षिप्त वातावरणिय अध्ययन प्रतिबेदन तयार सम्बन्धी सार्वजनिक सुचना**

**(प्रथम पटक प्रकाशीत मितीः २०७८/११/०२)**

जगदुल्ला जलविद्युत आयोजनाको विद्युत विकास विभागवाट प्रदान गरिएको सर्वेक्षण अनुमति पत्रमा दिइएको क्षेत्रअधिकार भित्र निर्माण हुने कर्णाली प्रदेश, जाजरकोट जिल्ला, नलगाड नगरपालिका वडा नं १३ र रुकुम पश्चिमको आठविसकोट नगरपालिका वडा नं ६ लाई जोड्ने १०१.१५ मी. लामो पुलको निर्माणको लागि सक्षिप्त वातावरणिय अध्ययन प्रतिबेदनको सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम निम्न स्थान र समयमा आयोजना गरिनेछ।

| | |
|---|---|
| **प्रस्तावको व्यहोरा** | १०१.१५ मी. लामो Steel Plate and RCC T–Girder प्रकारको मोटोरेवल पुल जुन ८.५ मी. चौडाई जसमा ६ मी. क्यारियज वे, ३ वटा स्पान भएको |

माथि उल्लेखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदन सार्वजनिक गरिने तथा सो बिषयमा छलफल हुने भएकोले त्यस क्षेत्रका बिद्यालय, स्वास्थाय संस्था तथा सरोकारवाला व्यक्ति वा संस्था, स्थानिय बासिन्दा तथा प्रतिनिधिलाई उल्लेखित स्थान र समयमा उपस्थित भई रायसुझाव प्रदान गरिदिनुहुन सदर अनुरोध गरिन्छ।

| | |
|---|---|
| **कार्यक्रम स्थल** | त्रिवेणी , डोल्पा |
| **मिति र समय** | २०७८/११/०३ बिहान ११ बजे |
| **सम्पर्क फोन न.** | ९८०३८९१९१० |

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Roads**
**Federal Road Supervision and Monitoring office**
**Road Division Chaurjahari, Rukum (West)**

**Invitation for Bids**

**Notice No.: 12/078/79**
**Date of Publication: 2078/11/02 BS (2022/02/14 AD)**

Ministry of Physical Infrastructure and Transport; Department of Roads; Federal Road Supervision and Monitoring office, Road Division Chaurjahari, Rukum (west) invites electronic bids from eligible bidders for the following works:

| Contract Identification Number | Description of work | Bid Security Amount in (NRs.) | Non- Refundable Fee for Bid Document Purchase (NRs.) |
|---|---|---|---|
| DROCJI/337101138/ NCB/078/79-54 | Rehabilitation Works at Rapti Lokmarg Raptilokmarga (Khaula Musikot Section Ch.107+500 to 111 +000) | 850,000 | 5000 |
| DROCJI/337101138/ NCB/078/79-55 | Rigid Pavement Work on Rapti Lokmarg Raptilokmarga (Khaula Musikot Section Ch.107+500 to 111 +000) | 10,50,000 | 5000 |
| Last date and time of purchase of Bid Document | 2078/12/02 B.S. (2022/03/16 A.D.); up to 12:00 noon | Last date, time and place of bid submission: | 2078/12/02 B.S. (2022/03/16 A.D.); up to 12:00 noon |
| Date, time and place of bid Opening | 2078/12/02 B.S. (2022/03/16 A.D.): 1:00 noon | Bid security validity period | 30 days beyond Bid Validity Period (120 days from the date of bid opening). |
| Date, time and place of Pre-Bid Meeting | 2078/11/25 B.S. (2022/03/09 A.D.) 1:00 noon | | |
| Account No. for bid document purchase | Nepal Bank Limited, Jajarkot A/C No. 00101000000001001001; Office Code: 337016601, Road Division Chaurjahari, Rukum (west), Revenue Heading No.: 14229 | | |
| Account No. for bid security deposit | Deposit Account No. Nepal Bank Ltd, Jajarkot: 07502000000000000340 of District Treasury Controller Office, Jajarkot (Ko.Le.Ni.Ka) or Bank Guarantee (issued by 'A' class commercial Bank) Office Code: 337016601, Road Division Chaurjahari, Rukum (west)(mention purpose of deposit stating contract No. clearly). | | |

1. Bidders shall submit their Bids electronically only. For e-bidding visit PPMO's e-procurement web portal http://*bolpatra.gov.np/egp* and for additional information please inspect the bidding documents at the Road Division Chaurjahari, Rukum (west)
2. Road Division Chaurjahari, Rukum (west) reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**Division Chief**

**साउदीमा रोजगार** | कम्पनी: **MAWARED AL-HAYAT FACTORY FOR DRINKING WATER** शहर: **SAUDI**

पूर्व स्वीकृत मितिः २०७८/०९/०८ चलानी नं.: ६०१७२७५६ L.T. No.: 254149 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ५७,७२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ फागुन ९ गते (21 February 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**PERFECT DESTINATION PVT. LTD.**
Govt. License No: 941/067/068
Kupondole -10, Lalitpur, Nepal Tel 01-5260998, 5261014 | Fax 01-5261021
Email: perfect.destination2011@gmail.com, info@perfectdestination.com.np

**मलेशिया र साउदीमा रोजगारको अवसर**

१. कम्पनी: **ACTIVE FORCE SECURITY SERVICES SDN BHD** शहर: **SELANGOR**
पुर्व स्वीकृत मितिः २०७६/१२/०६ चलानी नं.: ६०१५३७८९ L.T. No.: 234376 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 25 | 0 | स. काममा दक्ष | 1200 | ३४,४६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १३ देखी २६ गते सम्म (25 February to 10 March 2022) मा हुनेछ।**

**Contact Number: 4389497 & 9804972521, 9851242521**

२. कम्पनी: **THE WHITE HOUSE HOTEL APARTMENT** शहर: **JEDDAH**
पुर्व स्वीकृत मितिः २०७८/११/०१ चलानी नं.: ६०१७४४३६ L.T. No.: 257796

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ९ गते (21 February 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Guideline Recruitment Service Pvt. Ltd.**
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497/9841862691
Email: reception.guideline@gmail.com, Web: www.guidelinerecruitment.com

**साउदीमा रोजगार** | १. कम्पनी: **JAL INTERNATIONAL COMPANY LTD.** शहर: **AL KHOBAR**
पूर्व स्वीकृत मितिः २०७८/११/०१ चलानी नं.: ६०१७४४४५ LT. No.: 257719

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Common Labor | 50 | 0 | स. काममा दक्ष | 1000 | ३२,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: **AL RUWWAAD LOGISTIC & SUPPORT SERVICES** शहर: **RIYADH**
पूर्व स्वीकृत मितिः २०७८/११/०१ चलानी नं.: ६०१७४४४६ LT. No.: 257955

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 10 | 0 | स. काममा दक्ष | 1000 | ३२,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ९ गते (21 February 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Link International Placement Service Pvt.ltd.**
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

**मलेशियामा रोजगार** कम्पनी : **FELDA TECHNOPLANT SDN BHD** शहर: **MALAYSIA**
पूर्व स्वीकृत मितिः २०७६/११/०५ चलानी नं.: ६०१५१८३४ LT. No.: 233355 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker (Plantation Sector) | 100 | 0 | स. काममा दक्ष | 1200 | ३४,४६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ९ गते (25 February 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**सोसियल इम्प्लाइमेन्ट सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं.: ६७८/०६३/०६४
धुम्बाराही, काठमाडौं, नेपाल, फोन : ०१-४५२७०५८ मो. : ९८५११२८५१६, ९८५१०७१७२४
Email : info@sesnepal.com, gsesnepal@gmail.com, Website. www.sesnepal.com

**साउदीमा रोजगार** | १. कम्पनी: **AL ZAZEERA STYLE TRADING EST** शहर: **JEDDAH**
पुर्व स्वीकृत मितिः २०७८/११/०२ चलानी नं.: ६०१७४४४३ LT. No.: 257824

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 4 | 0 | स. काममा दक्ष | 1000 | ३२,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: **Construction Forum Contracting Company** शहर: **JEDDAH**
पुर्व स्वीकृत मितिः २०७८/१०/२६ चलानी नं.: ६०१७४४४४ LT. No.: 257773

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Public Car Driver | 1 | 0 | स. काममा दक्ष | 1500 | ४८,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन ९ गते (21 February 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**United World Manpower Pvt. Ltd.**
श्रम इजाजत नं. १२२०/०७४/७५
Sinamangal-9, Kathmandu, Tel: 01-4116602, Fax: 4116602
Email: info@uwmanpower.com, uwmanpower@gmail.com, Web.: www.uwmanpower.com

# न्याय प्रशासनलाई सर्वसुलभ र प्रभावकारी बनाउन निर्देशन



**काठमाडौं/मस–** कानून, न्याय तथा संसदीय मामिलामन्त्री दिलेन्द्रप्रसाद बडूले न्याय प्रशासनलाई छिटोछरितो, प्रभावकारी र जनउत्तरदायी बनाउन निर्देशन दिएका छन् ।

न्याय सेवाअन्तर्गत नवप्रवेशी शाखा अधिकृतका लागि आइतबारदेखि सुरु भएको सेवा प्रवेश तालिमको उद्घाटन गर्दै उनले सार्वजनिक सेवामा संलग्न कर्मचारीहरूले सधैँ उत्कृष्ट कार्य गरी सेवाग्राही र सरोकारवालालाई सन्तुष्टि प्रदान गर्नुपर्ने बताए । मन्त्री बडूले लोकतन्त्रमा सेवाग्राही जनता सबैभन्दा ठूला हुन् भन्ने मनन गरेर छिटो र गुणस्तरीय सेवा सम्पादन गर्न निर्देशन दिए ।

'सेवाग्राहीले तपाईंहरूको अनुहारमा सरकार देख्छन् र त्यहीअनुसार सरकारप्रति धारणा बनाउँछ' उनले भने, 'न्याय सम्पादन प्रक्रियालाई छिटोछरितो, न्यायमा सहज पहुँच, अनुसन्धान पद्धतिलाई वस्तुनिष्ठ एवं पूर्ण गराउन र न्यायका लागि आएका सेवाग्राहीलाई सन्तुष्ट गराउन लाग्नुहोस् ।' मन्त्री बडूले न्याय सेवाअन्तर्गत न्याय, कानुन र सरकारी वकिल समूहमा प्रवेश गरेका शाखा अधिकृतहरूलाई बधाई तथा शुभकामना दिनुहुँदै उच्च मनोबलका साथ सेवा प्रवेश गर्न आग्रह गरे ।

सो अवसरमा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार लालबहादुर कुँवर, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक डा.राजन खनाल, मन्त्रालयका सचिव उदयराज सापकोटा, न्यायसेवा तालिम केन्द्रका तालिम प्रमुख बलसागर गिरी लगायतले शुभकामना मन्तव्य राखेका थिए । एक महिनासम्म सञ्चालन हुने तालिममा न्याय सेवाअन्तर्गत नियुक्त भएका ११४ जनामध्ये ११३ जना अधिकृत सहभागी छन् ।

# उपत्यकामा पानी अभाव कम गर्न सरकार लागेको छ : मन्त्री चौधरी

**काठमाडौं/मस–** खानेपानी तथा सरसफाइमन्त्री उमाकान्त चौधरीले काठमाडौं उपत्यकावासीको पानीको अभावलाई कम गर्न सरकार लागेको बताएका छन् ।

काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)को १४औं वार्षिकोत्सवका अवसरमा आइतबार यहाँ आयोजित कार्यक्रममा उनले उपत्यकावासीको पानीको अभावलाई कम गर्न वैकल्पिक व्यवस्थापनका लागि सिस्नेरी स्रोतको सम्भाव्यता अध्ययन सुरु भएको बताए ।

उनले भने, 'मेलम्ची खोलाको पानीले मात्र उपत्यकावासीलाई पर्याप्त हुँदैन, सिस्नेरी खोलाको पानी पनि ल्याउने



तयारीमा सरकार लागेको छ ।' मन्त्री चौधरीले एसियाली विकास बैंकले मेलम्चीमा आएको बाढी र पहिराको क्षतिको विवरण, त्यसका कारण र स्थायी समाधानका उपायका लागि जलाधार संरक्षण गर्ने विषयमा अध्ययन गरिरहेको र त्यसको प्रतिवेदन आएपछि कार्ययोजना बनाई कार्यान्वयन गर्ने बताए । उनले खानेपानीको समयसापेक्ष, वैज्ञानिक एवं व्यावहारिक महसुल निर्धारण गर्न मन्त्रालयले महसुल निर्धारण आयोग गठन प्रक्रिया अगाडि बढाएको उल्लेख गर्नुभयो । मागअनुसार उपत्यकामा खानेपानीको आपूर्ति गर्न नसक्नु केयुकेएलको सबैभन्दा चुनौती रहेको उनको भनाइ थियो । मन्त्री चौधरीले पानी नआएको धारामा ग्राहकलाई महसुल बक्यौता र जरिवाना छुट र मिनाह गर्ने नीति तयार गरी तुरुन्त व्यवस्थापन गर्नु जरुरी रहेको बताए । उनले नेपालमा उपलब्ध खानेपानीको गुणस्तरको नियमित जाँच गर्नुपर्ने आवश्यकता औंल्याउँदै उपभोक्तालाई प्रशोधित, शुद्ध र गुणस्तरीय पानी वितरण गर्न मन्त्रालयबाट विशेष अभियान सञ्चालन गरिने बताए ।

केयुकेएल सञ्चालक समितिका अध्यक्ष तिरेशप्रसाद खत्री, मन्त्रालयका सचिव सुरेश आचार्य, केयुकेएलका निमित्त प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रबहादुर कार्की, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक सञ्जिव विक्रम राणालगायतले काठमाडौं उपत्यकाभित्र शुद्ध खानेपानी पुऱ्याउने गरी केयुकेएलले काम गरिरहेको बताएका थिए ।


## धनपालथान गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सोराभाग, मोरङ**
**प्रदेश न. १, नेपाल**

**बिधुतीय दरभाउपत्र आह्वानको सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति २०७८।११।०२)**

यस धनपालथान गाउँपालिकाको आ.व. २०७८।०७९ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत तपसीलमा उल्लेखित योजनाहरु ठेक्का प्रकृयावाट संचालन गर्नु पर्ने भएको हुँदा इच्छुक निर्माण व्यवसायीवाट रीतपूर्वकको **E–Bidding** (बिधुतीय दरभाउपत्र) आह्वान गरीएको छ ।

**तपसील:**

| क्र.सं. | ठे.नं. | ठेक्का विवरण | ल.ई.रकम (मू.अ.कर वाहेक) | धरौटी रकम | दरभाउपत्र पेश गर्ने प्रकृया | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | DPTRM/SBG/SQ २४/२०७८/०७९ | बेनी आधारभुत बिधालय हुदै पश्चिम गदिया खोला सम्म जाने सडक कालोपत्रे (CH 1+720 m to 1+820 m) | रु. ८,६२,३३५।३१ | रु. २४,०००।०० | E–Bidding | १०००।०० |
| २ | DPTRM/SBG/SQ २५/२०७८/०७९ | लक्ष्मीमार्ग गणेश बैठाको घर देखि ट्रान्सफरमर हुदै लखन्तरी कुशमाहा जोड्ने सडक कालोपत्रे (CH 4+544 m to 4+598 m) | रु. ६,३४,२५५।०१ | रु. १७,५००।०० | E–Bidding | १०००।०० |
| ३ | DPTRM/SBG/SQ २६/२०७८/०७९ | श्री जन आधारभुत जाने सडक कालोपत्रे धनपालथान-४ | रु. ८,६६,२५५।२५ | रु. २७,०००।०० | E–Bidding | १०००।०० |

थप शर्तहरु तथा जानकारीको लागि यस गा.पा.को **Website: dhanapalthanmun.gov.np** वाट जानकारी लिन सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**


# सडक व्यापारीहरु एमसीसीविरुद्ध सडकमा

**काठमाडौं/मस–**सडक व्यापारीहरु पनि अमेरिकी सहयोग परियोजना (एमसीसी)विरुद्ध सडकमा उत्रिएका छन् । काठमाडौंको माइतिघरमा एकीकृत ट्रेड यूनियन महासंघ नेपालले आयोजना गरेको प्रदर्शनमा सडक व्यापारीहरु पनि एमसीसीविरुद्ध सडकमा उत्रिएका हुन् । एकीकृत ट्रेड यूनियन महासंघ नेपालका सचिव कुमार सापकोटाले एमसीसी जनताको हितमा नभएका कारण सरकारलाई दबाब दिनका लागि प्रदर्शन गर्नु परेको बताए । सरकारले एमसीसी परिमार्जित नगरे अझै आन्दोलन चर्काउने र सडक अवरुद्ध पारेर विभिन्न दबाबमुलक कार्यक्रमहरु गर्ने एकीकृत ट्रेड यूनियन महासंघ नेपालका अध्यक्ष विष्णु लम्सालले बताए ।

# जनपत्रकार संगठन सर्लाहीद्वारा महासंघलाई ज्ञापनपत्र

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, १ फागुन



जनपत्रकार संगठन नेपाल सर्लाही जिल्ला समितिले पत्रकार महासंघ जिल्ला शाखा सर्लाहीलाई ज्ञापनपत्र बुझाएको छ । महासंघलाई मर्यादित, व्यवस्थित र जिम्मेवार बनाउन भन्दै संगठनले ज्ञापनपत्र बुझाएको हो ।

संगठनको केन्द्रीय नीति अनुसार संगठनका जिल्ला संयोजक राजेश पाठक नेतृत्वको टोलीले ज्ञापनपत्र बुझाएका हो । 'पत्रकारहरुको साझा संस्थाका रुपमा चिनिने नेपाल पत्रकार महासंघलाई साझा, मर्यादित, अनुशासित र जिम्मेवार सस्थाको रुपमा हेर्न चाहान्छ ।' महासंघलाई बुझाएको ज्ञापनपत्रमा भनिएको छ, 'श्रमजीवी पत्रकारहरुको न्युनतम पारिश्रमिक, पेशागत सुरक्षा र स्थायित्वलाई सुनिश्चित गर्न ठोस कदम चालि कोभिडका कारण रोजगार गुमाएका संचारकर्मीको पुनस्थापना र स्वास्थ्य उपचारका लागि संगठनले पहल गर्न माग गरिएको छ ।

संगठनले पत्रकारको बीमा अनिवार्य गर्न माग गरेको छ । 'नेपाल सरकारद्वारा विमांक रकम हाल्ने गरि श्रमजीवी पत्रकारहरुको निशुल्क ५ लाख वरावरको स्वास्थ्य बीमा गर्न सम्बन्धित ठाउँमा पहल गरिहोस र त्यस्तो बिमा गर्दा सहज र सजिलो प्रक्रियावाट हुने गरि सबै पत्रकारहरुमा पूर्ण रुपमा कार्यान्वय गरियोस् ।' ज्ञापन पत्रमा भनिएको छ ।

सदस्यता शुद्धिकरण गर्न संगठनले विशेष जोड दिएको छ । 'महासंघका सदस्यहरूको शुद्धिकरण गर्दै सबै पत्रकार संगठन र पत्रकारहरुको महासंघमा सहभागिताका लागि थप मर्यादित र जिम्मेवारी हुँदै पत्रकारिता गरिरहेका पत्रकारलाई सहज र निष्पक्ष रूपमा सदस्यता प्राप्त हुने सुनिश्चित वातावरण गरिहोस्' ज्ञापनपत्रमा भनिएको छ ।

'नेपाल पत्रकार महासंघले परिचालन गर्ने आर्थिक कारोवार पारदर्शी गर्न, 'केन्द्र, प्रदेश र स्थानिय सरकारबाट प्राप्त हुने विज्ञापनहरु महासंघमार्फत समानुपातिक प्राणालीबाट सबै मिडियाहरुले पाउने वातावरण मिलाउन साथै पत्रकारहरुको क्षमता वृद्धि विकास गर्न तालिम र प्रशिक्षणको व्यवस्था गर्न समेत संगठनले माग गरेको छ ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०७८/११/०२**

**हेली साकेत प्रा.लि.** को मिति २०७८/०९/२१ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **हेली नेपाल प्रा.लि. (प्रा. लि. नं.: २७४५६५)**, कायम गर्ने गरी मिति २०७८/१०/०३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

**प्रकाशित मिति २०७८/११/०२**

यस कार्यालयमा **मिति २०७८/०१/१०** मा दर्ता भएको प्रा.लि. **नं. २६२८६५** को **झरना स्टिल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१०/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम परिवर्तन भएको सूचना**

प्रथम पटक प्रकाशित मिति: २०७८/११/०२

यस कम्पनीको मिति २०७८/०३/२३ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविकको कम्पनी पावर माइन्डस ट्रैनिङ्ग एन्ड इभेन्ट म्यानेजमेन्ट प्रा.लि. (प्रा.लि.नं. : २३१७६९) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०४/२० को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **पावर माईण्ड्स प्रा.लि.** कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**तु- आवश्यकता**

यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

VACANCY

1. Receptionist - 1 (F)
2. Kitchen Helper - 1 (F)
3. Office Secretary/Documentation Officer - 2 (M/F)
4. PRO - 2 (M/F)
5. Office Boy - 1(Male)

सम्बन्धित काममा अनुभव भएको हुनुपर्नेछ ।

तलब आपसी सहमतिमा

**आशिर्वाद ओभरसिज प्रा.लि**
बसुन्धरा, काठमाडौं, फोन:०१-४९०१५८६, ४९८४६३०, ९८५१०६७३५१, ९८५१०५५५२९ | Send CV at email: aashirbadovs@gmail.com



## Patan Municipality
## Office of Municipal Executive
**Patan, Baitadi**
**Sudur Paschim Province, Nepal**

**Patan Municipality Invites Electronic Bid for the following Works**

**First Date of Notice Publication : 2078/11/01 (13th Feb. 2022)**

| Project Title | IFB No. | Estimate Amount(Without Vat & Contengencies) | Bid Security Amount |
|---|---|---|---|
| Upgrading and Rehabitation of Manikakhan-Boharigau Road Ward No.3 | NCB/PTNMUN/ W-06/2078/79 | 30,08,700.28 | Nrs. 90,000.00 |
| Upgrading Rehabitation and Construction of Dehimandu-Basantpur-Patan Road Part II Ward No.5 | NCB/PTNMUN/ W-07/2078/79 | 70,56,354.48 | Nrs. 2,20,000.00 |
| Construction of Udayadev Ma.Bi School Building Part II Ptn.Mun. 07 | NCB/PTNMUN/ W-08/2078/079 | Nrs. 34,62,452.70 | Nrs. 1,00,000.00 |
| Last Date of Bid Submission 2078/12/01 at 12:00 Noon and Last Date of Bid opening 2078/12/01, at 12:30 Noon | | | |
| Bid Documemnt Fee and Bank Account details | **Cost of Bid DocumentsNrs. 3,000.00**<br>**Name of the Bank :** Agricultural Development Bank Ltd, Patan Sakha<br>**Name of Office :** Patan Municipality Office **Office Code No. :** 801077402<br>**Office Account no. : 0823901302454178** | | |
| For further Detail and Information ,Please Visit www.bolpatra.gov.np/egp and Municipality Office www.patanmun.gov.np | | | |

**Chief Administrative Officer**



Hilton Academy Pvt.Ltd.
A great place for career

**HOSPITALITY TRAINING**

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
**Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation**

विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



नोट: ६ महिने **Professional Diploma in Hotel Management (PDHM)**
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा **ADMISSION OPEN** गरिएको जानकारी गराउदछौं

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

मध्यान्ह
www.madhyanhadaily.com
२ फागुन २०७८, सोमबार
14 February 2022, Monday

सम्पादकीय

## फेरि संकटको भय

